cfa.vic.gov.au/languages



# के म क्याम्प फायर गर्न सक्छु?

**तपाईंले क्याम्प फायर गर्नु अघि, निम्न कुराहरू जाँच गर्नुहोस्।**

- **के यो आगलागीको खतराको समय (Fire Danger Period) छ?**
- **के पूर्ण रूपमा आगो निषेधित दिन (Total Fire Ban Day) घोषणा गरिएको छ?**

**क्याम्प फायरको बारेमा नियमहरू वर्षको समय र तपाईं कहाँ क्याम्प फायर गर्दै हुनुहुन्छ भन्ने आधारमा फरक हुन सक्छ।**

## आगलागीको खतराको अवधि (Fire Danger Periods)

आगलागी जोखिम अवधिमा (Fire Danger Period) यी नियमहरू जाँच नगरेसम्म तपाईंले क्याम्प फायर बाल्न सक्नुहुन्न।

- हावाको गति 10 किलोमिटर प्रतिघण्टा भन्दा कम हुनु पर्छ। यदि झारपातहरू वरिपरि हावामा उडिरहका छन् भने आगो नबाल्नुहोस्।
- क्याम्प फायर यसरी जलाइएको हुनुपर्छ:
  - पत्थर, धातु वा कन्क्रिटले राम्ररी निर्मित फायरप्लेस।
  - वा कम्तीमा 30 सेमी गहिराइ भएको खाल्डो।
- क्याम्प फायर 1 मिटर X 1 मिटरको क्षेत्रफल भन्दा ठूलो हुनुहुँदैन
- आगोको 3 मिटर वरिपरि र माथीको क्षेत्र आगोमा बल्ने सामान रहित हुनु हुनुपर्दछ।
- आगोलाई कहिल्यै एक्लो नछोड्नुहोस्। जसले आगो निभाउन सक्छ, सो व्यक्ति जहिले पनि आगो नजिक उपस्थित हुनु पर्छ।
- तपाईं क्याम्प फायर सकाएर फर्किनुअघि क्याम्प फायर पूर्ण रूपमा पानी प्रयोग गरेर निभाउनु पर्छ।

यदि तपाईं राज्य वन वा राष्ट्रिय पार्कमा हुनुहुन्छ भने त्यहाँ अन्य नियमहरू हुन सक्छन् जुन तपाईंले जान्न आवश्यक छ।

## पूर्ण रूपमा आगो निषेधित दिन (Total Fire Ban Days)

पूर्ण रूपमा आगो निषेधित दिनहरूमा (Total Fire Ban Days) तपाईं क्याम्प फायर बाल्न सक्नुहुन्न।

**cfa.vic.gov.au/languages** मा जानुहोस्।

थप कुराहरू जान्नको लागि QR कोड स्क्यान गर्नुहोस्।
**हामी सबै मिलेर आगलागीबाट बच्न सक्छौं।**